का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १८, अंक १३०

❑ २२ असार २०७७, सोमबार

❑ 6 July 2020, Monday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्याह्न

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: आइतबार साँझसम्म | | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | १५७८४ जना | ६५४७ जना | २५१००७ | ९२०३ | ३४ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड १४ लाख ४८ हजार | ६४ लाख ८० हजार | ५ लाख ३४ हजार | ४४ लाख ३२ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# विकल्पको खोजी

## दुई अध्यक्षबीच भेटवार्ता

■ झलनाथ खनाल, माधव नेपाल र वामदेव गौतमले भेटे राष्ट्रपति ■ केन्द्रीय कमिटी बैठक माग्दै हस्ताक्षर संकलन

**फुटको नजिक पुगेको सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता कायम राख्न विभिन्न विकल्पको खोजी शुरू भएको छ । अध्यक्ष द्वयबीच सहमति नजुटेपछि दोस्रो तहका नेताहरू खटिएका छन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ असार ।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता कायमै राख्न विभिन्न विकल्प माथि छलफल तीव्र बनाइएको छ । गएको असार १६ गते प्रधानमन्त्री केपी शर्मा ओलीले आफूलाई हटाउन भारतीय राजदूत सक्रिय भएको र पार्टीकै नेताहरुले राजीनामा मागिएको अभिव्यक्ति दिएपछि नेकपा भित्रको संकर्ष उत्कर्षमा पुगेको छ ।

शनिबार प्रधानमन्त्री ओलीले मन्त्री र राज्यमन्त्रीहरुलाई बोलाएर अर्को बैठकमा कित्ता क्लिर गर्न निर्देशन नै दिएका थिए । यसपछि भने नेकपा लगभग फुटको नजिक पुगेको छ । तर, एकता कायमै राख्नेबारे भने प्रयास जारी राख्ने प्रधानमन्त्री ओलीले प्रतिबद्धता जनाएका छन् । त्यसका लागि अर्का कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग आइतबार दिउँसो प्रधानमन्ती ओलीले छलफल गरेका छन् ।

ओली र प्रचण्डसँग यसपटक महासचिव बिष्णुप्रसाद पौडेल, शंकर पोखरेल, जनार्दन शर्मा र वर्षमान पुन पनि बसेका थिए । छलफलले विभिन्न विकल्पमाथि छलफल गर्ने सहमति जनाएका छन् । तर, ठोस् सहमति भने कायम हुन सकेको छैन । यसका लागि विकल्पबारे छलफल गर्न दोस्रो तहका नेताहरु जुट्ने भएका छन् ।

कृषि मन्त्री रहेको घनश्याम भूसाल सहितका नेताहरु यसअगाडि नै दबावमा दिने निष्कर्ष निकालेका छन् । यो टोली सहित दबावका लागि अन्य टोलीहरु पनि बनेका छन् । युवा नेताहरुले शनिबार नै छलफल गरी एकताका लागि दबाव दिने निर्णय गरेका थिए । नेकपामा केन्द्रीय कमिटी बैठक बोलाउन माग गर्दै केन्द्रीय सदस्यहरुले हस्ताक्षर संकलन समेत गर्न थालेका छन् । स्थायी कमिटीले हल गर्न नसकेकाले केन्द्रीय कमिटी बैठकबाट यो विषयको हल गरिनुपर्ने भन्दै हस्ताक्षर संकलन गरिएको हो ।





### देशभर दबाव

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) प्रदेश नं १ का १४ वटा जिल्लाका अध्यक्ष एवं सचिवले पार्टीलाई विभाजनबाट रोक्न गरेका छन् । नेकपाका १४ जिल्लाका अध्यक्ष एवं सचिवले आइतबार विराटनगरमा आयोजित सामूहिक पत्रकार सम्मेलनमा आपसी विभाजनले पार्टीलाई क्षति पुग्ने हुनाले एकताको कामलाई पूर्णता दिनुपर्नेमा जोड दिएका छन् ।

करिब दुई तिहाइको जनमतसहित इतिहासले दिएको जिम्मेवारीलाई गम्भीरतापूर्वक मनन् गर्नुपर्नेमा जोड दिँदै टुटफुट र विभाजन रोक्ने गरी पहल गर्न सिंगो नेतृत्व र आम पार्टी पंक्तिमा पनि आग्रह गरिएको छ । नेकपाका केन्द्रीय सदस्य गुरु बरालले सरकारलाई निरन्तरता दिइ यसमा भएको कमीकमजोरी सच्याई पार्टी सुदृढ एकता कायम गर्नुपर्नेमा जोड दिए । नेकपा मोरङ अध्यक्ष ऋषिकेश पोखरेलले पार्टी विधान र निर्वाचनमा जनतासँग गरेको प्रतिबद्धतालाई हृदयाङ्गम गरी पार्टी एकतामा जोड दिए ।

नेकपाका १४ जिल्लाका तर्फबाट पार्टी अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'लाई ध्यानाकर्षण पत्र बुझाइने अध्यक्ष पोखरेलले बताए । पत्रकार सम्मेलनमा १४ जिल्लाका अध्यक्ष एवं सचिवद्वारा हस्ताक्षरित प्रेस विज्ञप्तिसमेत पढेर सुनाइएको थियो ।

# मेलम्ची सपनाको परीक्षण

बहुदलीय व्यवस्था पुनर्स्थापनासँगै राजधानी उपत्यकामा मेलम्चीको पानी ल्याउने आयोजना अगाडि बढ्यो । तर, तीन दशक पछाडि बल्ल पानी ल्याउन आइतबार परीक्षण शुरू भएको छ ।



**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ असार ।

तीन दशक बढीको मेलम्ची सपना पूरा हुने अवस्थामा पुगेको छ । खानेपानी मन्त्रालयले लामो प्रतिक्षा, अनेकन अड्चन तथा हण्डर ठक्कर व्योहोरेर आयोजना सम्पन्न हुनै लागेको र आगामी दुई महिनापछि काठमाडौँवासीको धारामा पानी पुऱ्याउने प्रतिबद्धता जनाएको छ ।

आयोजनाले आइतबार देखि कूल २६ किलोमिटर लामो सुरुङमा पानी पठाएर परीक्षण शुरु गरेको छ । सुरुङ परीक्षण गर्न कम्तीमा १५ दिन लाग्नेछ । सुरुङभित्र जम्मा भएको पानी विस्तारै बाहिर निकाल्न पनि उत्ति नै समय लाग्नेछ । अर्थात् १५ दिन पानी पठाएजस्तै खाली गर्न पनि उत्तिनै अवधि लाग्नेछ । त्यसपछि सात दिन सुरुङभित्रको समग्र अवस्थाका बारेमा अन्तरराष्ट्रिय मापदण्डअनुसार नै प्राविधिक टोलीले निरीक्षण गर्नेछ ।

सबै अवस्थाको जाँच पड्ताल गरिसकेपछि सुरुङ ठीक रहेको निष्कर्ष निकाल्ने र सुन्दरीजलमा पानी झार्ने तयारीमा मन्त्रालय रहेको छ । आगामी भदौको दोस्रो साताभित्र काठमाडौँमा नियमित रुपमा पानी उपलब्ध गराउने गरी आवश्यक व्यवस्था मिलाइएको मन्त्रालयमा आइतबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । "मेलम्चीको पानी अझै डेढ वर्ष आउँदेन, काम नै सकिएको छैन, सरकारले पटकपटक ढाँटिरहेको छ भन्ने जस्ता जनमानसमा उठिरहेको आरोपकोसमेत अब खण्डन भएको छ" मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा खानेपानी मन्त्री बीना मगर, सचिव माधव बेल्वासे र आयोजना प्रमुख तिरेशप्रसाद खत्रीलगायतले एकै स्वरमा भने, "लामो प्रतिक्षाको घडी अब सकिएको छ ।"

सरकारले आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाका रुपमा सूचीकृत गरेको छ । आयोजनाको सुरुङमा आइतबार बिहान ९.४५ बजेदेखि प्रतिसेकेण्ड २६० लिटर पानी पठाइएको छ । "सुरुङमार्गमा पानी पथान्तर गरि एसँगै मेलम्चीबारे दशकौँदेखि रहेका हाम्रा आशंका र अन्योलको मात्र अन्त्य भएको छैन, हामी सम्पूर्ण नेपालीमा गौरवको अनुभूति गराएको छ" आयोजना प्रमुख खत्रीले भने, "आयोजना सम्पन्न भएको यस ऐतिहासिक अवसरमा हामी सम्बद्ध सबैलाई आभार व्यक्त गर्दछौँ ।"

काठमाडौँ उपत्यकाको जनसंख्यालाई भरपर्दो खानेपानी सेवा उपलब्ध गराउन सरकारले लामो समयदेखि विभिन्न प्रयास गर्दै आएको थियो । सरकारले २०२९ सालदेखि नै बाँकी पृष्ठ २ मा

# बढेन पीसीआर

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ असार ।

कोभिड- १९ को संक्रमण आइतबार २९३ जनामा देखिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा शनिबार आयोजित नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले मुलुकभरिका २५ प्रयोगशालामा गरिएको परीक्षणमा २९३ जनामा संक्रमण देखिएको बताए ।

आइतबार देखिएका संक्रमणसँगै संक्रमित संख्या १५ हजार ७८४ जना पुगेको छ । उनका अनुसार आइतबार १३२ जना कोभिड-१९ संक्रमणबाट मुक्त भएका छन् । अहिलेसम्म छ हजार ५४७ जना संक्रमणबाट मुक्त भएका छन् । अहिलेसम्म संक्रमित मध्ये ४१.५ प्रतिशत बिरामी संक्रमणबाट मुक्त भएका छन् ।

चार हजार ७१० जनाको पिसिआर परीक्षण गरिएको छ । नौ हजार २०३ जना संक्रमित आइसोलेशनमा रहेका छन् । पाँच सयभन्दा बढी संक्रमित हुने जिल्लामा महोत्तरी, रौतहट, पाल्पा, अछाम, कैलाली र बाजुरा रहेका छन् ।

### आयोगको आग्रह

राष्ट्रिय मानव अधिकार आयोगले कोरोना बढी संक्रमण प्रभावित स्थान र क्षेत्र पहिचान गरी रोकथाम र नियन्त्रण गर्न र पिसिआर परीक्षणलाई तीव्रता दिन आग्रह गरेको छ ।

आयोगका प्रवक्ता वेदप्रसाद भट्टराईद्वारा शनिबार जारी प्रेस विज्ञप्तिमा काठमाडौँ उपत्यका जस्तो घनाबस्ती भएका ठाउँमा समुदायमा कोरोना सङ्क्रमण फैलिएमा स्थिति भयावह हुन सक्नेतर्फ बेलैमा ध्यान पुऱ्याउन र पिसिआर परीक्षणलाई तीव्रता दिई नागरिकको स्वास्थ्यसम्बन्धी हक सुनिश्चित गर्न सरकारलाई पुनः आग्रह गरिएको छ ।

कोभिड-१९ को संक्रमण पछिल्लो समय नेपालमा पनि उच्चस्तरमा फैलँदै गइरहेको अवस्थामा उपत्यकाका ढलहरुमा समेत कोरोनाको भाइरस भेटिएको भन्ने सञ्चारमाध्यममा सार्वजनिक भएकाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ ।

नेपाल बार एसोसिएशन, नेपाल पत्रकार महासंघ र गैरसरकारी संस्था महासंघसँगको सहकार्यमा देशभर कोभिड-१९ को सन्दर्भमा मानव अधिकार अवस्थाको अनुगमन गरी अनुगमनबाट प्राप्त तथ्यका आधारमा यसअघि पनि पिसिआर परीक्षण बढाउन तथा क्वारेन्टिनहरू व्यवस्थित गर्न पटकपटक सरकारलाई आग्रह गर्दै आएको स्मरण आयोगले विज्ञप्ति मार्फत् गराएको छ ।

लागु औषधले लिन्छ ज्यान : समाजमा कठै रहँदैन पहिचान ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## संख्या सय समस्या समाधानका लागि

# संघ र मञ्च एकैसाथ मन्त्रालयमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ असार

म्यानपावर कम्पनीहरुको ईजाजतपत्र नवीकरणको नियमित अवधि सकिन करिब एकसाता मात्रै रहँदा समस्याको समाधानका लागि व्यवसायीहरुले केही समय यताको दौडधुपलाई थप तीव्रता दिएका छन् । सोमबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल संयुक्त रुपमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर यादवलाई परिस्थितिको जटिलताबारे जानकारी गराउँदै सकेसम्म छिटो निकास दिन माग गरे ।

संघका अध्यक्ष विष्णुप्रसाद गैरे र महासचिव सुजित कुमार श्रेष्ठसहितको टोली र मञ्चका संयोजक रामप्रसाद भान्तनाको नेतृत्वको मञ्चको प्रतिनिधिमण्डल एकै पटक मन्त्रालय पुगेका थिए । मन्त्री यादवलाई व्यवसायीहरुले संयुक्त रुपमा भेटी वैदेशिक रोजगार ऐन अनुसार व्यवसायीको ईजाजतपत्र नवीकरण गर्ने नियमित म्याद करिब एक हप्तामात्र मात्र बाँकी रहँदा मन्त्रिपरिषद्को गत चैत १६ गतेको निर्णयको भावना अनुसार निर्णय आउन नसक्दा व्यवसायका लागि करोडौं लगानी गरेका व्यवसायीहरु गम्भीर समस्यामा परेको विषयमा अवगत गराएका थिए ।

मञ्चका संयोजक भान्तनाले मन्त्री यादवले व्यवसायीका समस्यामा मन्त्रालय गम्भीर रहेको तर ऐन र नियमावलीका कतिपय प्रावधानको व्याख्या र बुझाईमा एकरुपता नभएका कारण निर्णय दिन समस्या रहेपनि कानून मन्त्रालयबाट राय लिएर निकासका लागि मन्त्रिपरिषद्मा प्रस्ताव लैजाने आश्वासन दिएको बताए । त्यस अवसरमा मन्त्री यादवले आफुले यस विषयमा यसअघि पनि मन्त्रिपरिषद्मा प्रस्ताव लगेको स्मरण गराउँदै समस्या समाधान हुने बताएको संघका महासचिव श्रेष्ठले जानकारी दिए ।

केही नेपाल ऐन संशोधन गर्ने ऐन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण गरेपछि संख्या सयको विवादित प्रावधान वैदेशिक रोजगार ऐन २०६४ मा प्रवेश गरेदेखि नै व्यवसायीहरु बृहत छलफल विना नै संख्या सयको प्रावधान वैदेशिक रोजगार ऐनमा समावेश गराइएको व्यवसायीहरुको गुनासो छ । त्यस यता व्यवसायीहरु यसकाविरुद्ध लागिरहेका छन् ।

गत चैत १६ गते बसेको मन्त्रिपरिषद्को बैठकले वैदेशिक रोजगारमा सय जना कामदार नपठाएकै कारणबाट ईजाजतपत्रवाला संस्थाहरुको खारेजी हुने हालको व्यवस्था हटाउन वैदेशिक रोजगार ऐन २०६४ मा संशोधनको प्रक्रिया अघि बढाउने निर्णय गरेपछि व्यवसायीहरु लकडाउनकाबीचमा पनि राजनीतिक भेटघाटमा लागेका थिए । बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### वैदेशिक रोजगार बोर्डमा गुरुङ र खड्का





**काठमाडौं/मस-** वरिष्ठ वैदेशिक रोजगार व्यवसायी एवं एसओएस म्यानपावर सर्भिस प्रा.लि.का संचालक हेम गुरुङ तथा वरिष्ठ स्वास्थ्य व्यवसायी एवं नेपाल स्वास्थ्य व्यवसायी महासंघका अध्यक्ष कैलाश खड्का वैदेशिक रोजगार बोर्डको सदस्यमा मनोनित भएका छन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवले वैदेशिक रोजगार ऐन २०६४ को दफा ३८ अनुसार व्यवसायी गुरुङ र खड्कालाई बोर्ड सदस्यमा मनोनयन गरेका हुन् । मन्त्रालयले गत असार १८ गते गुरुङ र खड्कालाई बोर्ड सदस्यमा मनोनयन गरेको हो । मनोनित दुई सदस्यहरुको कार्यकाल निर्णय भएको मितिले दुई वर्ष हुने उल्लेख छ । मन्त्रालयले गुरुङलाई वैदेशिक रोजगार बाँकी पृष्ठ २ मा

# कक्षा ११ को बोर्ड परीक्षा नहुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ असार

सरकारले कक्षा ११ को बोर्ड परीक्षा पनि नगर्ने निर्णय गरेको छ । कोरोना संक्रमणका कारण बोर्डले लिने परीक्षा यसपटकलाई रद्ध गर्ने निर्णय गरिएको पाठ्यक्रम विकास केन्द्रले जानकारी दिएको छ। विद्यार्थीको अन्तिम मुल्यांकन विद्यालयलाई गर्न दिने निर्णय गर्दै त्यसका लागि कार्यविधि तयार गर्ने जिम्मेबारी राष्ट्रिय परीक्षा बोर्डलाई दिइएको पाठ्यक्रम विकास केन्द्रका निर्देशक गणेशप्रसाद भट्टराईले जानकारी दिए ।

विद्यालयले गरेको आन्तरिक परीक्षाका आधारमा विद्यार्थीलाई प्रमाणपत्र दिने बोर्डको तयारी छ । कक्षा १२ को विषयमा भने अहिलेसम्म कुनै पनि निर्णय भएको छैन । १२ कक्षा विद्यालय तहको अन्तिम कक्षा भएकाले




अनुकुल समयमा बोर्ड परीक्षा नै सञ्चालन गरिने शिक्षा मन्त्रालयले बताउँदै आएको छ ।

'विद्यार्थीको आन्तरिक मूल्यांकनका आधारमा प्रमाणपत्र दिने निर्णय भएको छ,' निर्देशक भट्टराईले भने, 'सम्बन्धित विद्यालयले आफ्ना विद्यार्थीलाई कसरी नम्बर दिने भन्ने कार्यविधि बनाउने जिम्मा राष्ट्रिय परीक्षा बोर्डलाई दिइएको छ ।'

यो निर्णय कार्यान्वयनमा ल्याउन राष्ट्रिय परीक्षा बोर्डले आवश्यक कार्यविधि बनाउने निर्णय पनि राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्यांकन परिषद्ले गरेको छ। साथै परीक्षा सञ्चालनको मापदण्ड, विद्यार्थीको मूल्यांकन नम्बर दिने मापदण्ड तथा प्रमाणीकरणको आधार लगायतका विषयमा कार्यविधि स्पष्ट गरिने बताइएको छ। बोर्डले नै विद्यार्थीको अन्तिम अभिलेख हेर्ने र शैक्षिक प्रमाणपत्र समेत जारी गर्ने भएकाले कार्यविधि बनाउने अधिकार बोर्डलाई दिइएको हो ।

यसका साथै हाल स्थगित अवस्थामा रहेका कक्षा ११ का परीक्षा सञ्चालन तथा मूल्याङ्कन अब विद्यालयबाटै हुनेछ । विद्यालयले अन्तिम मूल्यांकन गरिदिएपछि कक्षा ११ मा अध्ययनरत विद्यार्थीलाई कक्षा १२ मा अध्ययन गर्ने बाटोसमेत खुल्नेछ। साथै ती विद्यार्थीमा लामो समयदेखि रहेको अन्योलसमेत अब हट्ने भएको छ ।

सरकारले यसअघि नै एसईई नगर्ने निर्णय गर्दै आन्तरिक मुल्याङ्कनका आधारमा नतिजा सार्वजनिक गर्ने निर्णय गरिसकेको छ। एसईईको नतिजा प्रकाशनका लागि विद्यार्थीले आन्तरिक मूल्याङनमा प्राप्त गरेको अंक संकलनको काम भइरहेको छ। असार मसान्तभित्र देशभरबाट बोर्डमा अंक प्राप्त भएपछि साउन १५ सम्म नतिजा सार्वजनिक गर्ने लक्ष्य परीक्षा बोर्डको छ ।

# मच्छिन्द्रनाथको रथारोहण बुधबार

**काठमाडौं/मस-** 'वर्षा र सहकालका देवता' रातो मच्छिन्द्रनाथको रथारोहण यही असार २४ गते हुने भएको छ । मच्छिन्द्रनाथ गुठीसँग सम्बन्धित ज्योतिषीले बुधबार उत्तम साइत रहेको ठहर गरेसँगै मच्छिन्द्रनाथलाई रथमा विराजमा गराउन लागिएको हो ।



सो दिन ४ बजेर ४२ मिनेटमा मच्छिन्द्रनाथलाई रथमा विराजमान गराइने पानेजु हेमबज्र बाजाचार्यले बताए । उनले भने, 'हाल तःबहालस्थित पाटीमा रहेका मच्छिन्द्रनाथलाई चारचार जना पुजारी मिलेर बाजागाजा, पूजापाठ र नीतिनियमका साथ पुल्चोकमा रहेको रथमा विराजमान गराइन्छ ।' सो दिन मच्छिन्द्रनाथलाई रथमा राख्ने तयारीका साथ हाल धमाधम रथ निर्माणको काम भइरहेको पुजारी बज्राचार्यले जानकारी दिए ।

जात्रा अघि बढाउन ललितपुरका विभिन्न संघसंस्थामा आबद्ध व्यक्ति, धार्मिक संघसंस्था र स्थानीय व्यक्तिले विशेष पहल गरेका छन्। विगत वर्षमा मच्छिन्द्रनाथलाई रथमा विराजमान गराएको चार दिनपछि रथ तानेर गाःबहाल हुँदै अन्त्यमा जावलाखेल लगेर जात्रा देखाउने चलन रहँदा यस वर्ष के गरिन्छ भन्ने टुङ्गो लागिसकेको छैन।

हरेक वर्ष वैशख शुक्ल प्रतिपदाका दिन मच्छिन्द्रनाथलाई रथमा विराजमान गराउने चलन छ । यस वर्ष भने यही असार १० गतेदेखि मच्छिन्द्रनाथको रथ निर्माण गर्ने काम अघि बढेको हो । काठमाडौं उपत्यकाको सबैभन्दा लामो रथयात्रापछि भोटो जात्रा हुन्छ । किंवदन्तीअनुसार एक पटक भिक्षा माग्न आएका गोरखनाथलाई कान्तिपुरवासीले नदिएपछि रिसले उनले पशुपति मृगस्थलीमा नवनागलाई आफ्नो आसन बनाए । यसरी १२ वर्षसम्म वर्षा नभई अनिकाल भएपछि यसको समाधान खोज्दै जाँदा गोरखनाथका गुरु मच्छिन्द्रनाथलाई कान्तिपुर ल्याएमा गोरखनाथ आसनबाट उठी वर्षा र सहकाल हुने थाहा पाएर भक्तपुरका राजा नरेन्द्रदेव, काठमाडौंका राजा बन्धुदत्त आचार्य र ललितपुरका कृषक ललित रथचक्र मिलेर मच्छिन्द्रनाथलाई भारतको कामारुकामाक्षबाट नेपाल ल्याएका थिए ।

# हराएका मोटरसाइकल धनीलाई बुझाइयो



**काठमाडौं/मस-** महानगरीय प्रहरी परिसर काठमाडौंले काठमाडौं उपत्यकामा विभिन्न समयमा हराएका मोटरसाइकल खोजी गरी सम्बन्धित धनीलाई बुझाएको छ । प्रहरीले विभिन्न स्थानबाट चोरी भई फेला परेका २० थान मोटरसाइकल तथा स्कुटरहरु आइतबार पत्रकार सम्मेलन गरी सम्बन्धित धनीलाई हस्तान्तरण गरेको छ ।

वरिष्ठ प्रहरी उपरीक्षक एवं महानगरीय प्रहरी परिसर काठमाडौंका प्रमुख श्यामलाल ज्ञवालीले मोटरसाइकल तथा स्कुटर चोरी भएको उजुरी परेको आधारमा विभिन्न समयमा चेकजाँचको क्रममा र केही स्थानमा बेबारिसे अवस्थामा रहेको अवस्थामा फेला परेको बताए । उनले ती मोटरसाइकल तथा स्कुटरहरुको धनी खोजतलास गर्दा चोरी भएको पाइएको बताए ।

उनले यातायात व्यवस्था विभाग र ट्राफिक प्रहरीको समन्वयमा सम्बन्धित धनी पत्ता लगाई आज (आइतबार) हस्तान्तरण गरिएको बताए । चोरी भएका ती मोटरसाइकलहरु मोडिफाई गरिएको, नम्बर प्लेट परिवर्तन गरिएको अवस्थामा फेला परेको ज्ञवालीले बताए ।

लकडाउनको अवस्थामा पनि विभिन्न ठाउँमा चेकजाँच हुँदा कागजपत्र प्राप्त नभई छोडेर गएका मोटरसाइकलहरु चोरी भएको पाइएको ज्ञवालीले बताए । उनले काठमाडौं उपत्यकामा चक्रपथ भन्दा बहिरको क्षेत्र र सार्वजनिक पार्किङबाट मोटरसाइकल चोरी भएको तथा हराएको उजुरी सबैभन्दा धेरै परेको जानकारी समेत दिए ।

# भ्रष्टाचार गरेको अभियोगमा मुद्दा

**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल बैंकको प्रणाली नै ह्याक गरी भ्रष्टाचार गरेको अभियोगमा आइतबार तत्कालीन शाखा प्रबन्धकविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

नेपाल बैंकको डिल्लीबजार शाखाका तत्कालीन प्रबन्धक भूपराज कोइरालाले बैंकमा जम्मा गर्नुपर्ने व्याजसमेत आफ्नो निजी खातामा जम्मा गरेको, बैंकिङ प्रणालीमा प्रयोग गरिने व्यक्तिगत टेलर आइडी र अन्य प्राविधिक प्रणालीको दुरुपयोग गरी रु ५४ लाख ८४ हजार ४५ बराबरको रकम दुरुपयोग गरेको पाइएको छ ।

# नवनियुक्त डिन शाहलाई बिरामी तथा बिरामीका अभिभावकले दिए बधाई

**काठमाडौं/मस-** चिकित्साशास्त्र अध्ययन संस्थान (आइओएम) महाराजगञ्ज, काठमाडौंका नवनियुक्त डिन प्रा.डा.दिव्या सिंह शाहलाई त्रि.वि.शिक्षण अस्पतालमा हेमो-डाईलासिस गरिरहेका बिरामी तथा बिरामिको अभिभावकहरुले बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन् ।



उक्त अवसरमा बिरामिका आफन्तका तर्फबाट एच.के.धितालले हाल त्रि.वि.शिक्षण अस्पतालमा रहेको हेमो-डाईलासिस युनिटमा डाईलासिस मेशिन थप गरी आधुनिक युनिट बनाउनुपर्ने माग गरे । साथै बिरामिका तर्फबाट प्रेम कुमार श्रेष्ठले ब्रेनडेथ भएका बिरामिको मृगौला प्रत्यारोपण गर्ने व्यवस्था यसै त्रि.वि. शिक्षण अस्पतालमा तत्काल लागू गर्नुपर्ने माग गरे । बधाई तथा सफलताको शुभकामना दिन विरामीका आफन्त तथा मृगौला बिरामिको उपस्थिति रहेको थियो ।

उक्त अवसरमा नवनियुक्त डिन प्रा.डा.शाहले हेमो-डाईलासिस गर्न डाईलासिस युनिटलाई नयाँ तीन वटा मेशिन खरिद गरिसकेको र दश वटा मेशिन थप गर्न स्वास्थ मन्त्रालयमा कुराकानी भइरहेको जानकारी गराइन् । साथै हेमो-डाईलासिस युनिटलाई आधुनिकीकरण गरिने उनले बताइन् ।

ब्रेनडेथ भएका बिरामिको मृगौला प्रत्यारोपण गर्न कानुन पास भइसकेकोले तत्काल लागू गर्न पहल हुने पनि उनले बताइन् । मृगौला बिरामिले भोग्नु पर्ने सम्पुर्ण समस्या र अभाबको बारेमा आफू जानकार भएकोले यस सम्बन्धि आफ्नो कार्यकालमा केही न केही गर्ने उनले प्रतिवद्धता व्यक्त गरिन् ।

# बैंकिङ कसुरका फरार व्यक्ति पक्राउ

**काठमाडौं/मस-** कृषि विकास बैंकको वित्तीय प्रणालीमा अनाधिकृत पहुँच राखी विभिन्न व्यक्तिको खातामा करोडौं रकम रकमान्तर गरी बैंकलाई हानीनोक्सानी पुऱ्याउने कार्यमा संलग्न रही फरार रहेका व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ। धादिङ घर भई काठमाडौं तारकेश्वर नगरपालिका बस्ने ३६ वर्षीय सौजन तामाङलाई महानगरीय अपराध महाशाखाबाट खटिएको टोलीले गएराति ललितपुरको जाउलाखेलबाट पक्राउ गरेको हो। उनीविरुद्ध सङ्गठित अपराधसमेतको कसुरमा अनुसन्धान थालिएको महाशाखाका प्रहरी उपरीक्षक ईश्वर कार्कीले जानकारी दिए ।

तामाङलगायतको समूहले गत असोज ७ गते कृषि विकास बैंक शाखा कार्यालय न्युरोडमा अनधिकृतरुपमा सुनिता श्रेष्ठको खातामा रु ४९ लाख ५० हजार रकमान्तर गरी त्यसबाट रु नौ लाख ५० हजार भुक्तानी लिन सफल भएको थियो । यस्तै श्रवनकुमार श्रेष्ठको खातामा रकमान्तर गर्न रु २० लाखको चेक पेश गरेको अवस्थामा शङ्का लागि सिस्टम परीक्षण गर्दा उक्त कैफियत फेला परेको थियो ।

आरोपी सुनिता श्रेष्ठसमेतका व्यक्तिको खातामा बैंकको मौज्दातबाट विभिन्न मितिमा आपराधिक व्यक्तिले बैंकको वित्तीय प्रणालीमा अनाधिकृत पहुँच राखी कूल रु चार करोड ८८ लाख ४६ हजार रकमान्तर गरी भुक्तानी लिएको भन्ने सूचना प्राप्त भएपछि महाशाखाले अनुसन्धान थालेको थियो ।

## मेलम्ची...

खानेपानी आपूर्तिका लागि सम्भाव्य स्रोतको पहिचानका लागि अध्ययन कार्य थालेकामा २०४१ सालमा भएको अध्ययनले उपत्यकामा खानेपानी समस्याको दीर्घकालीन समाधानका लागि मेलम्चीलगायत विभिन्न २२ वटा विकल्प पहिचान गरेको थियो ।

२०४९ को तुलनात्मक अध्ययनबाट आर्थिक र प्राविधिकरुपमा उत्तम विकल्पका रुपमा मेलम्ची, याङ्ग्री र लार्के नदीबाट दैनिक कूल ५१ करोड लिटर (प्रत्येकबाट १७ करोड लिटर) पानी काठमाडौं उपत्यकामा आपूर्ति गर्न उपयुक्त हुने निष्कर्ष निकालिएको थियो । प्रवेशमार्गलगायतका पूर्वाधार निर्माणका प्रारम्भिक कार्य तथा आयोजनाको विस्तृत डिजाइन सम्पन्न भएसँगै २०६६ सालदेखि सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिकाअन्तर्गत अम्बाथानबाट काठमाडौं उपत्यकाको सुन्दरीजलसम्म पानी प्रवाह गर्न करिब २७.५ किमी सुरुङ निर्माण कार्यका लागि चाइना रेल्वे १५ ब्युरो समूहसँग ठेक्का सम्झौता गरिएको थियो ।

निर्माण व्यवसायीले सन्तोषजनक काम नगरेपछि २०७० सालमा ठेक्का सम्झौता रद्द गरी इटालियन कम्पनी सिएमसीसँग ठेक्का सम्झौता गरियो। सो ठेकेदार कम्पनीले सुरुङ निर्माण सम्पन्न गरे पनि २०७५ पुस १ देखि एकतर्फी रुपमा निर्माणस्थल छाडेपछि मेलम्ची आयोजनाले ठेक्का रद्द गरी वैकल्पिक व्यवस्था गर्नुपरेको थियो । सोही कारण आयोजना सम्पन्न गर्न थप ढिलाइ हुन गएको थियो ।

सुरुङको बाँकी काम एक वर्षभित्रमा सम्पन्न गर्न आयोजनाले द्रुत प्रक्रियामार्फत चिनियाँ कम्पनी सिनो हाइड्रोसँग २०७६ असोज १२ मा सम्झौता गरेको थियो। बाँधस्थल निर्माणका लागि १५ महिनाभित्र काम सम्पन्न गर्ने गरी सोही कम्पनीसँग २०७६ असोज २४ गते अर्को छुट्टै सम्झौता पनि गरिएको थियो । विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोनाका कारणले नेपालले सामना गर्नुपरेको चुनौतीलाई सामना गर्दै सरकारले आयोजनाको कामलाई निरन्तर अगाडि बढाइरहेको र सोही कारण आफूहरु सफल भएको आयोजना प्रमुख खत्रीको भनाइ छ ।

आयोजनाले तत्कालका लागि वैकल्पिक संरचनामार्फत नै पानी ल्याउने तयारी गरेको छ । सम्झौताअनुसार बाँधस्थल निर्माणको काम हाल ६६ प्रतिशत बढी सम्पन्न भएको छ । स्थायी बाँध यसै वर्षभित्र सम्पन्न हुनेछ । सरकारले आगामी आवको बजेटमा नै आयोजना सम्पन्न गर्ने लक्ष्य राखेको छ। लक्ष्यअनुसार नै काम भएको र आयोजना सम्पन्न भई राजधानीवासीको धारामा पानी आउने दिन नजिकिएको खानेपानी मन्त्रालयका सचिव बेल्वासेको भनाइ छ ।

## संख्या...

व्यवसायीहरुले प्रधानमन्त्रीदेखि विपक्षी दलका नेता र पूर्व प्रधानमन्त्रीहरु ऐनमा आएको अनिवार्य संख्या सयको विषय व्यवसायिक स्वतन्त्रता विरोधी रहेकोमा एक मत रहेको भन्दै व्यवसायीहरुलाई राहत दिने विषयमा ढिलाई गर्नु न्यायोचित नरहेको र कुनै पनि हालतमा समस्याको समाधा हुनुपर्ने बताउँदै आएका छन् ।

## वैदेशिक...

व्यवसायीहरुकातर्फबाट र खड्कालाई वैदेशिक रोजगार विज्ञकारुपमा मनोनित गरेको हो ।

व्यवसायी गुरुङले यसअघि पनि बोर्ड सदस्यकारुपमा दुई वर्ष बिताइसकेका छन् । गुरुङ नेपालको वैदेशिक रोजगारको क्षेत्रमा गौरवमय संस्थाको हैसियत बनाएको एसओएस म्यानपार सर्भिस प्रा.लि.का सञ्चालक हुन् । २०५२ सालदेखि निरन्तर रुपमा वैदेशिक रोजगारमा उलेख्य संख्यामा कामदार पठाएको एओसएस यसअघि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट समेत उत्कृष्ट म्यानपावर कम्पनीका रुपमा सम्मानित भएको थियो। नेपालबाट धेरै कामदार वैदेशिक रोजगारीमा पाठाउने गरेको एसओएसले गत आर्थिक वर्ष २०७०/७१ मा ९ हजार २ सय १४ जना नेपाली कामदार वैदेशिक रोजगारमा पठाएको थियो।

त्यसैगरी बोर्ड सदस्यमा मनोनित महासंघका अध्यक्ष खड्का विगत १७ वर्षदेखि वैदेशिक रोजगारको स्वास्थ्य क्षेत्रमा क्रियाशिल रहेका छन् । वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षणलाई गुणस्तरीय बनाउने अभियानमा खड्काको विशेष सक्रियता रहेको स्वास्थ्य व्यवसायीहरुको भनाइ छ। वैदेशिक रोजगारीमा मलेसिया जाने नेपाली कामदारको छातीमा दाग देखिने क्रम बढेपछि सन् २०१० मा अध्ययन भ्रमणका लागि महासंघको प्रतिनिधिमण्डलको सदस्यकोरुपमा खड्कासहित नेपाली चिकित्सकको टोली पहिलो पटक मलेसिया गएको थियो । त्यस्तै तत्कालीन व्यवस्थापिका संसदको श्रम समितिका सभापति प्रभु साहको नेतृत्वमा न्युजिल्याण्ड तथा अष्ट्रेलियाको वैदेशिक रोजगार सम्बन्धी अध्ययन भ्रमणमा पनि व्यवसायी खड्का सहभागी थिए । यस्तै केही वर्ष पहिले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणको टोलीमा पनि खड्का सहभागी थिए ।

एफिनका केन्द्रीय सदस्यसमेत रहेका खड्कालाई सिंगापुरको एक म्यागजिनले एशियाको उद्यमशील व्यक्तित्वकोरुपमा पनि सम्मान गरेको थियो । विगत तीन कार्यकालदेखि महासंघको अध्यक्ष रहेका खड्का वैदेशिक रोजगार ऐन २०६४ को नियम ४६ बमोजिम गठित विशेषज्ञ टोलीमा पदेन सदस्यका रुपमा क्रियाशील छन् भने २०७३ जेठ ९ गते श्रम मन्त्रालयले गठन गरेको वैदेशिक रोजगारमा जाने कामदार हरुको स्वास्थ्य परीक्षणको अध्ययन र विश्लेषण सम्बन्धी कार्यदलमा सदस्य मनोनित भएका थिए ।

मन्त्री वा राज्यमन्त्रीको अध्यक्षता रहने यस बोर्डमा उच्च पदस्थ सरकारी अधिकारी, वैदेशिक रोजगार व्यवसायी, ट्रेड युनियन, वैदेशिक रोजगार विज्ञ र यस क्षेत्रमा कार्यरत संस्थाहरुको प्रतिनिधित्व रहने व्यवस्था छ । हाल बोर्डमा अध्यक्षसहित २५ जना सदस्य रहेका छन् ।

बोर्डले वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन, व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हकहित संरक्षण गर्ने जिम्मेवारी पाएको छ । बोर्डबाट मूख्यरुपमा मृतकका परिवारलाई आर्थिक सहायता, बिरामी एवं अंगभंग भएकालाई उपचार खर्च, विदेशमा अलपत्र परेका शव ल्याउन सहयोग, रोजगारदाता मुलुकमा आन्तरिक विद्रोह, आर्थिक मन्दीका कारण अलपत्र परेका कामदारलाई उद्धार गर्ने, जनचेतनामुलक कार्यक्रमहरु संचालन, विदेशमा सुरक्षित गृह संचालन गर्ने कार्य गर्दै आएको छ। उल्लेखित कार्यहरु संचालन गर्न बोर्डको एक कल्याणकारी कोष रहने व्यवस्था छ। बोर्डमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष विष्णुप्रसाद गैरे तथा कोषाध्यक्ष इन्दिरा गुरुङलगायत सदस्य रहेका छन् ।


**Karnali Province Government**
**Ministry of Physical Infrastructure Development**
**Infrastructure Development Directorate**
**Infrastructure Development Office (IDO)**
**Kalikot, Nepal**

**Letter of Intent (LoI)**

Date of Publication: 2077/03/22 (6th July, 2020)

This is to notify (as per section 27 (2) of Public Procurement Act 2063 ) to all concerned bidders that, we are going to award following contracts as per IFB No: 03-2076/077 published on Karobar National Daily dated on 2076/12/09, to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| Contract ID No. | Description of works | Substantially responsive lowest evaluated bidders | Bid Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|
| IDOKKT/W/NCB/BRG/14/076/077 | Construction of Damrighat Khola RCC Bridge, Kalikot | Galva/Jagadamba /Super star JV, Kathmandu | 2,99,47,623.79 |

**Office Chief**



# दिपज्योती ओभरसिज प्रा.लि.को अत्यन्त जरूरी सूचना



दिपक प्रसाद अधिकारी

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **दिपज्योती ओभरसिज प्रा.लि.** (श्रम इजाजत पत्र नं. ६५२/०६३/०६४) मा विगत ५ वर्षदेखि पब्लिक रिलेशन अफिस (पीआरओ) पदमा कार्यरत, २ वर्षदेखि मेनेजर र श्रम प्रतिनिधि पदमा कार्यरत धादिङ सिरानचोक घर भई हाल काठमाडौं बस्दै आउनु भएका तपाई श्री **दिपक प्रसाद अधिकारी** कार्यालयको हर हिसाब नबुझाई हिनामिना गरि लकडाउन सुरु हुनु भन्दा १५ (पन्ध्र) दिन अगाडि २०७६/११/२५ गतेदेखि आफ्नो ३ आटै मोबाइल बन्द गरी सम्पर्क विहिन हुनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालयमा आई आफ्नो जिम्मेवारीमा सम्पूर्ण कागजात र हरहिसाब फरफारक गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अन्यथा कानून बमोजिम कारबाही प्रकृया अगाडि बढाइने छ ।

पुनश्च : निज **दिपक प्रसाद अधिकारी**लाई यस प्रा.लि.बाट मिति २०७६/०८/०३ गतेदेखि हटाइएकोले निजसँग यस प्रा.लि.को नाममा सम्बन्धित वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम र आर्थिक कारोबार नगर्न/नगराउनु हुन र गरेमा यस प्रा.लि. जिम्मेवार नहुने पनि यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**Deepjyoti Overseas Pvt. Ltd.**
महाराजगञ्ज, चत्रपथ, काठमाडौं, नेपाल, फोनः ४३७९७५२, ४३७३६५१
श्रम इजाजत नं. ६५२/०६३/०६४
Web: www.deepjyotioverseas.com.np

# फुटबल खेलाडीको पीसीआर मन्त्रालयले गरिदिने

मुक्ति रेग्मी/एजेन्सी
काठमाडौं, २१ असार

स्वास्थ्य मन्त्रालयले खेलाडी र पदाधिकारी गरी फुटबलका ७० जनाको परीक्षण गर्ने भएको छ। कोरोना भाइरसको महामारीका कारण स्थगित भएको फुटबल प्रशिक्षण सुरु गर्ने विषयमा अखिल नेपाल फुटबल संघ एन्फाले सरकारसँग खेलाडीको अभ्यास शुरु गर्ने विषयमा अनुमति पनि मागेको थियो । तर एन्फाको अनुमतिबारे प्रष्ट धारणा सार्वजनिक नभए पनि स्वास्थ्य मन्त्रालयले फुटबल खेलाडी र पदाधिकारी गरेर ७० जनाको पीसीआर परीक्षण गर्ने भएको छ ।


फाइल फोटो

प्रशिक्षण सुरु गर्नुभन्दा अगाडी सबै खेलाडी तथा प्रशिक्षक र स्टाफको पीसीआर परिक्षण गर्नका लागि श्वास्थ्य मन्त्रालय सहमत भएको टिमका व्यवस्थापक मधुसुधन उपाध्यायले जानकारी दिए । उनले भने, 'स्वास्थ्य मन्त्रालयमा हामीले प्रशिक्षणका लागि अनुमति मागेका थियौं, यसबारे निर्णय त आइसकेको छैन। तर मन्त्रालयले खेलाडीसहित ७० जनाको पीसीआर परीक्षण गर्ने भएको छ।'

पहिलो चरणमा एन्फाले ३५ खेलाडीलाई प्रशिक्षणमा बोलाउने तयारी गरेको छ । त्यसपछि अरु केहि खेलाडी प्रशिक्षकले थप्न सक्ने बताइएको छ । दुई साता भन्दा अगाडी नै एन्फाले सरकारसँग प्रशिक्षणका लागि अनुमति लिने प्रक्रिया सुरु गरेको थियो । त्यो निवदेन राष्ट्रिय खेलकुद परिषद् हुँदै मन्त्रालयमा पुगेको थियो । तर अन्तिम निर्णय आउन बाँकी रहेको छ ।

यदि त्यो स्विकृति पाएमा एन्फाले काठमाडौं बाहिर रहेका खलाडीलाई बोलाएर पीसीआर गर्नेछ, त्यसपछि उनीहरुलाई राख्ने होस्टेललाई सरसफाई गर्नेछ, यस्तै होस्टेलमा काम गर्ने र एन्फाका कामदारको पनि परीक्षण गर्नेछ ।

प्रशिक्षक योहान कालिनले दिएको निर्देशन अनुसार सहायक प्रशिक्षक किरण श्रेष्ठले टिमको प्रशिक्षण सुरु गर्नेछन । एन्फाले तत्काल लकडाउन अगाडि प्रशिक्षणमा बोलाएका ३५ जनालाई नै पहिलो चरणमा प्रशिक्षणमा बोलाउने भएको हो ।

प्रशिक्षण सुरु गरेपछि पनि खेलाडीलाई फेरी परिक्षण गर्ने की नगर्ने भन्नेमा भने एकिन जवाफ आएको छैन। अरु देशमा प्रशिक्षणपनि चरणबद्ध रुपमा गरिएको थियो, सुरुवातमा ब्यक्तिगत सामाजिक दूरी कायम राखेर, त्यसपछि सानो सानो समुहमा, त्यसपछि पूर्ण समुहमा र अन्तिममा कन्ट्याक्ट प्रशिक्षण गराएको थियो ।

लकडाउनपछि एन्फाले जुलाइ १५ मा टिमको प्रशिक्षण सुरू गर्ने योजना बनाएको थियो । तर अहिलेसम्म स्विकृति नआउँदा केहि दिन ढिलो हुने सम्भावना बढेको छ । अहिलेसम्म अनुमति नआउँदा २-४ दिन तलमाथि हुने सम्भावना रहेको उपाध्यायले बताए ।

# एयर फ्रान्सले ७ हजार ५ सय कामदार हटाउने

**पेरिस, एपी**–कोरोनाभाइरसका कारण हवाई उड्डयनका क्षेत्रमा मन्दी छाएपछि फ्रान्सको राष्ट्रिय ध्वजाबाहक एयर फ्रान्सले आफ्नो कम्पनीमा कार्यरत सात हजार ५ सय कामदार हटाउने निर्णय गरेको छ ।

तर एयर फ्रान्सको मुख्यालयमा ट्रेड युनियनले कम्पनीको घोषणाको विरोधमा प्रदर्शन गरेका छन् । कम्पनी र युनियनका प्रतिनिधिबीच एयर फ्रान्सको प्रस्तावका विषयमा वार्ता पनि शुरु भएको छ ।

फ्रान्स सरकारले गत मे महिनामा ल्याएको आर्थिक सहायता कार्यक्रमबाट एयर फ्रान्सले करिब ८ अर्ब डलर सरकारी कोष प्राप्त गरे पनि मजदूर निकाल्ने निर्णयमा पुगेको भन्दै मजदूर युनियन आक्रोशित भएका हुन् ।

मजदूर युनियनले एयर फ्रान्सको निर्णयले फ्रान्सेली अर्थतन्त्रमै असर पार्ने चेतावनी दिएका छन् । सरकारी सहायता रकमबाट कम्पनीमा सुधार गर्नुपर्नेमा उल्टै मानिसलाई बेरोजगार बनाएको युनियनका नेताहरुको गुनासो छ ।




एयर फ्रान्सका प्रतिनिधिसँग पहिलो चरणको वार्तापछि कम्पनी व्यवस्थापनले एयर फ्रान्सबाट ६ हजार ५ सय देखि ४१ हजार कर्मचारी, कामदार हटाउने तथा एयर फ्रान्सको सहायक कम्पनी हपले एक हजारदेखि दुई हजार ४ सय मजदूर सन् २०२२ सम्ममा हटाउने घोषणा गरेको थियो। एक अनुमान अनुसार विश्वभर यस वर्ष एयरलाइन्सहरुले करिब ८४ अर्ब डलर नोक्सानी व्यहोर्ने छन्। एयरलाइन्सको आम्दानीमा झण्डै आधा घट्ने छ । केही विमान कम्पनी बन्द हुनेक्रममा रहेका छन् । अधिकारीहरुले विश्वको एयरलाइन्स व्यवसायलाई बचाउन वा लयमा फर्किन केही वर्ष लाग्ने बताएका छन् ।

कोरोनाभाइरसका कारण एयर फ्रान्सले आफ्ना उडानमा विगत तीन महिनाभित्र करिब ९५ प्रतिशतले कमी आएको जनाएको छ। कम्पनीले प्रति दिन एक करोड ५० लाख युरो गुमाउनु परेको छ । सरकारले उपलब्ध गराएको वित्तीय सहायता ऋण र ऋणको प्रत्याभूतिका रुपमा दिइएको छ । उड्डयन क्षेत्रमा फ्रान्स सरकारले करिब १५ अर्ब युरोको आर्थिक सहयोगको व्यवस्था गरेको छ । फ्रान्समै रहेको युरोपेली बिमान निर्माता कम्पनी एयरबसले पनि शुक्रबार कम्पनी बचाउन करिब १५ हजार कामदार, कर्मचारी हटाउने घोषणा गरिसकेको छ ।

# अनलाइन कराते कातामा नेपाललाई थप ४ पदक

**काठमाडौं, मस**-आईएसकेयु ईन्टरनेशनल अनलाईन काता च्याम्पियनसिप २०२० मा नेपालले थप चार पदक थप्न सफल भएको छ ।

ईन्टरनेशनल सोतोकान कराते युनाईटेड (आईएसकेयु) र ईन्स्टिच्युट अफ सोतोकान कराते युनाईटेड (आईएसकेयु) को संयुक्त आयोजनामा भएको च्याम्पियनसिपको दोश्रो दिन थप एक स्वर्ण, एक रजत र दुई कास्य जोडेको हो ।

जुनियर क्याटेगोरी अन्तरगत नेपालका प्रनिल मानन्धरले स्वर्ण र सुनिल खड्काले रजत हात पारे । यस्तै लोकमान श्रेष्ठले कास्य पदक हात पारे । सोहि बिधा अन्तरगत महिला तर्फ श्रद्धा थापाले कास्य जितिन् ।



नरहरिपुर कराते डोजो, मच्छेगाँउ, चन्द्रागीरी ९ की सञ्जु देसारले महिला क्याडेट ईभेन्ट्समा स्वर्ण हात पारिन् । उनले श्रीलङकाकी एसएभी देभमिनी डि सिल्भालाई पराजित गर्दै स्वर्ण प्राप्त गरेकी हुन् । यस्तै ७ बर्ष मुनिको स्पर्धामा आयोजक भारतका सात्विक खेतानलाई पराजित गर्दै नेपालका प्रशन्न घर्ती मगरले नेपालका लागि स्वर्ण हात पारे। ८ बर्ष मुनिको स्पर्धामा सत्कार घर्ती मगरले स्वर्ण हात पारे । उनले श्रीलङकाका थरुशा लकमललाई पराजित गरेका थिए। यसै गरि महिला १० बर्ष मुनिको स्पर्धामा दिक्षा महताराले स्वर्ण जितिन् । उनले ईरानकी साबा रोहीलाई पराजित गरेकी थिईन् ।

ईन्टरनेशनल सोतोकान कराते युनाईटेड (आईएसकेयु) र ईन्स्टिच्युट अफ सोतोकान कराते युनाईटेड (आईएसकेयु) को संयुक्त आयोजनामा भएको च्याम्पियनसिपमा नेपालका खेलाडीहरुले ३ रजत पनि हात पार्न सफल भएका छन् । रजत हात पार्ने खेलाडीहरुमा पुरुष क्याडेट तर्फ मनिष कार्की रहेका छन्। यस्तै महिला ९ बर्ष मुनिको स्पर्धामा स्वेता तामाङ र १३ बर्ष मुनिको समूहमा श्रृजना महताराले रजत प्राप्त गरे ।

२ जुलाई देखि संचालन भएको च्याम्पियनसिपमा ९ बर्ष मुनिको पुरुष स्पर्धामा मुकेश खड्का, १० बर्ष मुनिका स्पर्धामा ओन्तो घर्ती मगर र १३ बर्ष मुनिको स्पर्धामा अमृत थोकरले कास्य पदक प्राप्त गरे ।

अघिल्लो दिन ४ स्वर्ण, ३ रजत र ३ कास्य सहित १० पदक जितेको नेपालले शनिबार थप एक स्वर्ण, एक रजत र दुई कास्य सहित पदक संख्या १४ पुऱ्याएको छ ।

# अस्ट्रेलियाका अर्थमन्त्रीद्वारा राजनीतिबाट सन्यास

**सिड्नी, एजेन्सी**–अस्ट्रेलियाका अर्थमन्त्री म्याथिअस कोर्म्यानले सन् २०२० को अन्त्यसँगै राजनीतिक जीवनबाट विश्राम लिने आइतबार घोषणा गरेका छन् । कोर्म्यान सत्ताधारी गठबन्धनका एक वरिष्ठ व्यक्तित्व हुनुहुन्छ । उनले राजनीतिलाई आफ्नो जीवनको सबैभन्दा ठूलो अवसर बताएका छन् । सन् २००७ मा पश्चिमी अस्ट्रेलियाको सिनेटरका रूपमा निर्वाचित बन्नुभएका कोर्म्यानले सन् २०१३ पछि बनेका विभिन्न सरकारको अर्थमन्त्रीका रूपमा काम गर्दै आएका थिए। कोर्म्यानले आफ्नो राजनीतिक जीवनबाट विदा लिन लाएको जानकारी गराउँदै जारी वक्तव्यमा भनिएको छ, 'म यस पद अर्थमन्त्रीका रूपमा यस वर्षको बजेटलाई तयार गर्दासम्म रहनेछु।' कोरोना भाइरस महामारीका कारण अस्ट्रेलियामा वार्षिक बजेट तयार गर्ने मिति आगामी अक्टोबरका लागि सारिएको छ ।



'मैले यो काम मन पर्छ। मैले हरेक दिन यसैका लागि अर्पण गर्ने गरेको छु । तर यस वर्षको अन्त्यसम्म यो सरकारको आधा कार्यकाल पनि सकिनेछ ।'

उनले भने, 'अर्को निर्वाचनमा उम्मेदवारी नदिने निर्णय गर्दै मैले प्रधानमन्त्री स्कट मोरिसनसँग सल्लाह गरिसकेको छु कि सन् २०२० को अन्त्य नै मलाई आफ्नो पदबाट विदा लिन उपयुक्त समय हुनेछ ।'

कोर्म्यानको राजिनामा यति वेला आएको छ जति वेला अस्ट्रेलियाले विश्वव्यापी महामारीका कारण ठूलो बजेट घाटाको सामना गरिरहेको छ । कोर्म्यानको राजिनामासँगै प्रधानमन्त्री मोरिसनले आफ्नो मन्त्री परिषद्मा फेरबदल गर्ने पनि अनुमान गरिएको छ ।

# कोलम्बसको स्मारक तोडफोड

**बाल्टिमोर, एपी**-अमेरिकाको बाल्टिमोरमा प्रदर्शनकारीहरुले शनिबार राति क्रिस्टोफर कोलम्बसको स्मारक तोडफोड गरी इनर हार्बरमा बगाइदिएका छन् । बाल्टिमोरको लिटिल इटाली नाम गरेको शहरमा रहेको कोलम्बसको ऐतिहासिक स्मारक ढाल्न प्रदर्शनकारीले डोरीको प्रयोग गरेका थिए ।



प्रहरी नियन्त्रणमा अश्वेत नागरिक जर्ज फ्लोएडको मृत्यु भएपछि आक्रोशित भएका प्रदर्शनकारीहरुले अमेरिकामा पछिल्ला दिनहरुमा कोलम्बस, कन्फिडेरेट नेताहरु र अरुहरुका स्मारकहरु सार्वजनिक स्थलबाट हटाउन माग गरिरहेका छन् ।

प्रदर्शनकारीको विचारमा इटालेली अन्वेषक क्रिस्टोफर अमेरिका सहित पश्चिमा देशहरुमा जातिसंहार र आदिवासी जनताको शोषणका लागि जिम्मेवार रहेका छन् । बाल्टिमोर सन अखबारका अनुसार उक्त स्मारक नगरपालिकाको स्वामित्वमा रहेको तथा पूर्व मेयर विलियम डोनाल्ड साफर र राष्ट्रपति रोनाल्ड रेगनको नाममा समर्पित रहेको थियो ।

बाल्टिमोरका मेयर बर्नार्ड योङका प्रवक्ता लेस्टर डेभिसले स्मारक भत्काइनु इतिहासलाई आफूखुशी व्याख्या गर्नु हो भनेका छन्। प्रदर्शनकारीहरुले कोलम्बसका स्मारकहरु अरु राज्य एवं शहर हरुमा पनि भत्काइएका छन् । प्राप्त जानकारी अनुसार मायामी, रिचमन्ड, भर्जिनिया, सेन्ट पल, मिनेसोटा, बोस्टनमा रहेका कोलम्बसका शालिक तोडफोड गरिएका छन् ।


नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**वैदेशिक रोजगार विभागको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त श्री **क्रियटिभ प्लेसमेन्ट सर्भिसेज प्रा.लि. (इ.प.नं. २८९)** का तपसिल बमोजिमका सञ्चालक शेयरधनीले आ-आफ्नो नाममा कायम रहेको शेयरहरु तपसिल बमोजिमका खरिदकर्ताहरुलाई बिक्री गरी दिई खरिदकर्ताको नाममा शेयर दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयरको हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेना देनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारी को लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

**तपशिल**

| साविकको शेयरधनी/शेयर कित्ता | अब कायम हुने शेयरधनी/शेयर कित्ता |
|---|---|
| १. श्री तिल बहादुर आले कि. न. ०१-३०००० सम्म | १. श्री दिपेन्द्र थापा कि. न. ०१-१३५०० सम्म<br>२. श्री सुनिल बस्नेत कि.नं. १३५०१-२१००० सम्म<br>३. सन्जिव निरौला कि.नं. २१००१-२७००० सम्म<br>४. प्रलाद विष्ट कि.नं. २७००१-३०००० सम्म |



**नेपाल सरकार !**
**भौतिक पूर्वधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**

**वातावरणीय प्रभाव मूल्याङ्कनको (EIA)को लागि क्षेत्र निर्धारण (Scoping) सम्बन्धी सार्वजनिक सूचना**

(प्रकाशित मिति २०७७/०३/२१)

सुर्खेत जिल्ला बिरेन्द्रनगर न.पा. वार्ड न-१४ बाट शुरू भै बराहताल कार्यपालिका कल्यकन्ध छप्रे रेक्च दोबाटो, बेनिघाट सडक (९५ किलोमिटर) निर्माणको लागि ।

**प्रस्तावकको नाम** : सडक विभाग, योजना, अनुगमन तथा मूल्याङ्कन शाखा भौतिक पूर्वधार तथा यातायात मन्त्रालय ।

बाराहाताल गाउपालिका , पञ्चपुरी नगरपालिका र चौकुने गाउपालिका भएर १५/१५ मिटर दाँया, बाँया कुल अधिग्रहण क्षेत्र ३० मिटर हुने गरि ९५ किलो मिटर सडक नेपाल सरकार सडक विभाग प्रस्तावकद्वारा निम्न बमोजिमको प्रस्ताब कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नेपाल सरकार, भौतिक पूर्वधार तथा यातायात मन्त्रालय , सडक विभाग |
| प्रस्ताबको व्योहोरा | कर्णाली प्रदेश सुर्खेत जिल्ला बिरेन्द्रनगर नगर पालिका , बराहाताल गाउपालिका, पञ्चपुरी नगरपालिका, र चौकुने गाउपालिका भएर १५/१५ मिटर दाँया, बाँया कुल अधिग्रहण क्षेत्र ३० मिटर हुने ९५ किलोमिटर सडक निर्माण । |
| प्रभाव पर्न सक्ने जिल्ला र नगरपालिका | सुर्खेत जिल्ला बिरेन्द्रनगर नगर पालिका (वडा नं. १४), बराहताल, गाउपालिका (वडा नं. ७, ८, ९ र १०) पञ्चपुरी नगरपालिका (वाडा नं. १,७) र चौकुने गाउपालिका ( वाडा नं. १,३,४,५ र ६) । |

उल्लेखित प्रस्ताव कार्यन्वयन गर्दा बातावरण संरक्षण नियमावली २०७७ को अनुसुची (४) बमोजिम प्राकृतिक जैबिक प्रणाली, सामाजिक प्रणाली, सास्कृतिक प्रणाली तथा आर्थिक प्रणाली मा के कस्तो प्रभाब पर्दछ भनी यकिन गर्न सो स्थान को न पा र गा पा तथा त्यस क्षेत्र का विद्यालय, अस्पतल, स्वास्थ्य चौकी, तथा सरोकारवाल व्यक्ती तथा संस्थाको लिखित राय सुझाब लिन आबस्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशीत भएको मितिले सात (७) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी राय सुझव बुझाउनुहुन अनुरोध गर्दै यो सूचना प्रकाशीत गरिएको छ ।

| राय सुझाव पठाउने ठेगाना | परामर्शदाता |
|---|---|
| **प्रस्तावक** : योजना, अनुगमन तथा मूल्याङ्कन शाखा, सडक विभाग, भौतिक पूर्वधार तथा यातायात मन्त्रालय चाकुपाट, पाटनढोका, ललितपुर<br>सम्पर्क नं.: ०१-५५२९०७५<br>Email: dor.pmeu@gmail.com | Geocom-TSE-DGL JV<br>धोविघाट, ललितपुर<br>सम्पर्क नं.: ०१-५१५३०५४<br>Email: geocomnc@gmail.com |



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/०३/२६ मा दर्ता भएको **प्रा.लि. नं. १७४४९० को अल इन वन मार्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०३/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७७/०३/२२

यस कम्पनीको मिति २०७६/१२/०४ मा सम्पन्न विशेष/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **इशा एण्ड इशिका यातायात एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि.नं. १९२८३०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०२/२६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **इशा एण्ड इशिका कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।



**स्वैच्छिक खारेजीमा रहेको रिलायन्स नेपाल इन्टरनेशनल ओभरसिज प्रा.लि. को लिक्विडेटर द्धारा जारी गरिएको हक दावि सम्बन्धी सूचना**

यस **रिलायन्स नेपाल इन्टरनेशनल ओभरसिज प्रा.लि.(दर्ता नं.७२१२०/०६६/६७ )** लाई यस कम्पनीको मिति २०७७ /३/१९ मा बसेको विशेष साधारण सभाले विशेष प्रस्ताव पारित गरी स्वैच्छिक खारेज गर्ने निर्णय गरी हामीलाई लिक्विडेटर नियुक्त गरिएको व्यहोरा जानकारी गराउदै यस कम्पनी उपर कुनै व्यक्ति ,बैक तथा बित्तिय संस्था सरकारी एबं गैरसरकारी संघ संस्थाहरु, कम्पनी साहु आदि कुनै कसैको केही दावी लेनदेन भए यो सूचना प्रकाशित भएको मितिले २१(एक्काइस) दिन भित्र आफ्नो स-प्रमाण सहित निम्न लिखित ठेगानामा उजुर बाजुर गर्न हुन सम्बन्धित सबैमा सूचित गरिन्छ । सो अवधिभित्र कुनै दावी विरोध पर्न नआएमा नियम अनुसार कम्पनी खारेजी हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्विडेटर : बलराम पन्त** (अधिवक्ता)
**लिक्विडेटर इ.प.नं. ४०० त्रिपुरेश्वर, काठमाडौं , मो. नं. ९८५११७१६५९**
email Id. balramp56@gmail.com



**शुभ फिटनेश एण्ड स्पा प्रा.लि.को खारेज गर्ने सम्बन्धमा लिक्वीडेटको सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०६७/१२/२७ मा दर्ता भएको शुभ फिटनेश एण्ड स्पा प्रा.लि.(दर्ता नं. ८२३६२) का शेयरधनीहरुको मिति २०७६/०३/१५ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार यस कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार कम्पनी खारेज (लिक्वीडेशन) मा लैजाने विशेष प्रस्ताव पारित भएकोले कम्पनी ऐन, २०६३ अर्न्तगत रहि कम्पनीको खारेजी (लिक्वीडेशन) प्रकृया शुरु गरिएको छ। तसर्थ कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण, धन, अन्य दायित्व एवं कोहि कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ। कम्पनी ऐन २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरि बाँकी रहेको जायजेथा कम्पनीका शेयरधनीहरुलाई बाँडिने हुनाले तोकिएको म्यादभित्र दावी नगरिएमा पछि कसैको कुनै प्रकारको दावी नलाग्ने व्यहोरा समेत सवैको जानकारीको लागि सूचित गरिन्छ।

**लिक्वीडेटरः अर्जुन कोइराला, ठेगाना : गोंगबु-२६, काठमाडौं**
**फोन नं. ९८५१००३८९२**

### उद्योगी व्यवसायीहरुको आरोप

# ‘सरकारी नीतिले नै व्यवसाय फस्टाउन सकेन’

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ असार

उद्योगी व्यवसायीहरुले सरकारी नीतिका कारण नेपालमा उद्योग व्यवसाय फस्टाउन नसकेको बताएका छन् । संघीय संसद प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बैठकमा उपस्थित भएका उद्योगी व्यवसायीहरुले असमान नीति नियमका कारण उद्योग व्यवसाय फस्टाउन नसकेको बताएका हुन् ।





नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष प्रदीप कुमार श्रेष्ठले उद्योगका लागि आयात गरिने कच्चा पदार्थ र बजारमा आउने तयारी वस्तुको भन्सार ड्युटीमा हुने फरकले गर्दा नेपाली उद्योगहरु समस्यामा पर्ने गरेको बताए । उनले तयारी वस्तुमा भन्दा कच्चा पदार्थमा भन्सार ड्युटीमा सहुलयित हुनुपर्ने बताए । देशभित्र आह्वान हुने ठूला टेण्डरहरुमा स्वदेशी उद्योगले सहभागिता जनाउन नसक्ने गरी नीतिहरु बन्ने गरेकाले उद्योगीहरुको मनोबल बढ्न नसकेको बताए । कोभिड-१९ बाट प्रभावित भएको अर्थतन्त्रमा स्वदेशी उद्योगलाई आत्मनिर्भर गराउने नीति अवलम्बन नगरिए आगामी दिनमा अर्थतन्त्रमा थप जटिलता आउन सक्ने श्रेष्ठले बताए ।

नेपाल उद्योग वाणिज्य महासंघ उद्योग समितिका सभापति अन्जन श्रेष्ठले नीतिगत स्पस्टता, निरन्तरता र विश्वसनियता नभए निजी क्षेत्र सबलरुपमा अगाडि बढ्न नसक्ने बताए । उनले सरकारले ऐन, नीति ल्याउने तर स्पस्ट नहुने र कतिपय नियमावली ढिलो गरी आउने हुँदा उद्योग व्यवसाय सञ्चालनमा समस्या हुने गरेको बताए । उनले उपभोक्ता संरक्षण ऐन उद्योगी व्यवसायीका समस्या सुन्ने भन्दा पनि थुन्ने गरी आउनुले पनि सरकार नीतिगत रुपमा स्पस्टसँग प्रस्तुत हुन नसकेको प्रमाणित हुने श्रेष्ठले बताए । उनले सरकारले उद्योगीलाई हेर्ने र बुझ्ने सोचमा समेत परिवर्तन ल्याउनुपर्ने बताए ।

नेपाल वन पैदावार उद्योग व्यवसायी महासंघका अध्यक्ष श्याम सुन्दर ढकालले प्रधानमन्त्री केपी शर्मा ओलीको निर्देशनबाट देशभरका काष्ठ उद्योग बन्द गर्ने गरी आगामी आर्थिक वर्षको बजेट आएको बताए । उनले काष्ठ उद्योगमा नेपाल आत्मनिर्भर हुने अवस्था भएपनि सरकारले बेलाबेलमा परिवर्तन गर्ने नीतिले यस क्षेत्रको उद्योगहरु समस्यामा पर्ने गरेको बताए । उनले कोभिड-१९ को कारण उद्योगहरुले काम गर्न नसकिरहेको अवस्थामा सरकारले बजेट मार्फत उद्योग बन्द हुनेगरी नीति ल्याउँदा ८० अर्ब बढीको लगानी रहेको काष्ठ उद्योगको क्षेत्र संकटमा परेको बताए ।

नेपाल कपडा उद्योग संघका अध्यक्ष शैलेन्द्रराज प्रधानले सरकारले कपडा उद्योगमा दिँदै आएको भ्याट छुट दुई वर्षदेखि बन्द गरिदिँदा उद्योगहरु आयातीत कपडासँग प्रतिस्पर्धा गर्न नसकेको बताए । उनले नेपालमा वार्षिक ६ खर्बको कपडाको माग हुने त्यसमध्ये ३ प्रतिशत स्वदेशमै उत्पादन हुने, ५० अर्ब बराबरको आयात हुने र बाँकी करिब ५ खर्ब बराबरको अवैधानीक रुपमा आयात हुँदा झनै समस्या रहेको बताए । सरकारले स्पस्ट नीति लिन नसक्दा नेपालमा कपडाको अवैधानिक व्यापार मौलाउँदै जाने र भएका उद्योग पनि बन्द हुने अवस्थामा पुगेको बताए ।

निर्यात व्यवसायीक संघका उपाध्यक्ष शंकर पाण्डेले नीतिगत रुपमा स्पस्ट हुन नसक्दा नेपालमा एक सय उद्योग स्थापना हुँदा ३० वटा बाँच्ने र ७० वटा बन्द हुने अवस्थामा पुग्ने बताए । उनले नेपालमा उद्योग नीति भन्दा पनि व्यापार नीति (आयात नीति) हावी हुँदा झनै समस्या बढेको र उत्पादन मुलक उद्योग फस्टाउन नसकेको स्पस्ट पारे ।

उद्योगी व्यवसायीहरुले सरकारले आयातलाई भन्दा स्वदेशमै उत्पादन हुने उद्योगलाई प्रोत्साहन गर्ने नीति लिए क्रमश: सबै क्षेत्रमा आत्मनिर्भर हुँदै निर्यात बढाउन सकिनेमा जोड दिएका थिए ।

### गण्डकी विकास बैंकलाई प्राप्ति गरी

# मेगा बैंकले शुरु गऱ्यो संयुक्त कारोबार



**काठमाडौं/मस-** पोखरामा केन्द्रीय कार्यालय रहेको गण्डकी विकास बैंकलाई प्राप्ति गरी मेगा बैंक नेपाल लिमिटेडले आइतबारबाट विधिवत रुपमा संयुक्त कारोबार शुभारम्भ गरेको छ । आइतबार पोखरामा एक समारोहकाबीच गण्डकी विकास बैंकलाई मेगा बैंकमा प्राप्तिको घोषणा गरियो ।

कार्यक्रममा गण्डकी प्रदेश प्रमुख अमीक शेरचनले ‘हलोदेखि हाइड्रोसम्म’ भन्ने नारालाई सार्थक बनाउँदै मध्यमवर्गीय नेपालीको बैंक बन्न मेगा बैंकलाई सुझाव दिए । छोटो समयमै मेगा बैंक देशकै अग्रणी बनेकोमा आफूलाई खुसी लागेको भन्दै उनले आगामी दिनमा पनि व्यावसायिक सफलताका लागि शुभकामना दिए ।

कार्यक्रममा गण्डकी प्रदेश सभाका सदस्य बिन्दुकुमार थापा र पोखरा महानगरपालिकाका नगर प्रमुख मानबहादुर जि.सी.ले गण्डकी विकास बैंकलाई प्राप्ति गरेकोमा मेगा बैंकलाई बधाई तथा शुभकामना दिए । समारोहमा साबिक गण्डकी विकास बैंक सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरुलाई बैंकको श्रीबृद्धिका लागि पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरिएको थियो ।

कार्यक्रममा मेगा बैंक सञ्चालक समितिका अध्यक्ष भोजबहादुर शाहले गण्डकी विकास बैंकलाई प्राप्ति गरी आइतबारबाट संयुक्त कारोबार शुभारम्भ गर्न पाउँदा अत्यन्तै उत्साहित भएको बताए । पोखरामा केन्द्रीय कार्यालय रहेको र ९५ वटा शाखा कार्यालय रहेको गण्डकी विकास बैंक मेगा परिवारमा समाहित भएको घोषणा गर्दै उनले पुँजी, व्यवसायको आकार र शाखा सञ्जालमा बृहत वृद्धि भई मेगा बैंक देशकै ठूलो मध्येको एक ‘क’ वर्गको वाणिज्य बैंकको रुपमा स्थापित भएको बताए । अध्यक्ष शाहका अनुसार, मेगा बैंक र गण्डकी विकास बैंकको शेयर आदान प्रदान अनुपात १:१ रहेको छ ।

कार्यक्रममा बोल्दै साबिक गण्डकी विकास बैंक सञ्चालक समितिका अध्यक्ष सुशील गौचनले मेगा बैंकमा समाहित हुन पाउँदा आफूहरु अत्यन्तै हर्षित भएको बताए । गण्डकी विकास बैंकले स्थापनाको छोटो सयममै गण्डकी प्रदेशसहित विभिन्न प्रदेशका ग्राहकहरुको मन जित्न सफल भएको स्मरण गर्दै उहाँले अब त्यो विश्वास र माया मेगा बैंकमा सरेको बताए ।

मेगा बैंक सञ्चालक समितिका सदस्य एवं मर्जर समितिका संयोजक मदनकुमार आचार्यले लकडाउनको कठिन परिस्थितिमा पनि गण्डकी विकास बैंक प्राप्ति प्रक्रियालाई सफल बनाउन पाउँदा खुसी लागेको बताए । प्राप्ति प्रक्रियामा सहयोग गर्ने सम्पूर्ण सरोकारवाला, नेपाल राष्ट्र बैंक, मेगा बैंक तथा गण्डकी विकास बैंकका सञ्चालक समिति र शेयरधनीहरुलाई आभार व्यक्त गरे ।

कार्यक्रममा मेगा बैंक नेपाल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अनुपमा खुञ्जेलीले गण्डकी प्रदेशका ११ वटै जिल्लामा शाखा कार्यालय विस्तार भएको गण्डकी विकास बैंकलाई प्राप्ति गरेपछि गण्डकी प्रदेशमा मात्रै मेगा बैंकको शाखा सञ्जाल ४८ वटा भएको बताइन् । अब मेगा बैंकको शाखा सञ्जालका हिसाबले वागमती प्रदेशपछि गण्डकी प्रदेश दोस्रो नम्बरमा रहेको उनले बताइन् । उत्कृष्ट व्यवसाय गरिरहेको गण्डकीलाई प्राप्ति गरेपछि मेगा बैंकको ओज बढेको उल्लेख गर्दै उनले मेगा बैंकको शाखा सञ्जाल अब ५८ वटा जिल्लामा फैलिएको जानकारी दिइन् ।

सिइओ खुञ्जेलीका अनुसार, देशका २७ वटा ‘क’ वर्गका वाणिज्य बैंकमध्ये मेगा बैंक निक्षेपका आधारमा ११औं स्थान, कर्जाका आधारमा १२ औं र मुनाफाका आधारमा ११औं स्थानमा रहेको छ । यसैगरी, मेगा बैंकको कर्मचारी संख्या पनि १२ सयबाट १८ सय पुगेको छ ।

९५ वटा शाखा सञ्जाल रहेको गण्डकी विकास बैंकको चुक्ता पुँजी २ अर्ब ७५ करोड रहेको थियो । २०७७ चैत्र मसान्तको एकीकृत तथ्याङ्का आधारमा मेगा बैंकको निक्षेप १ खर्ब २५ अर्ब भन्दा बढी र कर्जा १ खर्ब ९ अर्ब भन्दा बढी रहेको छ । ग्राहकको विश्वास जित्दै प्रतिष्ठित ‘बैंक अफ दि एयर २०१९’ पुरस्कारबाट समेत सम्मानित भएको मेगा बैंकको ग्राहक संख्या अब ११ लाख भन्दा बढी भएको छ भने शाखा संख्या २ सय ६ वटा, एक्सटेन्सन काउन्टर ३० वटा र एटीएम १ सय ४२ वटा भएको छ ।

## एनएमबीद्वारा कञ्चन डेभलपमेन्ट बैंक प्राप्तिको प्रस्ताव पारित




**काठमाडौं/मस-** एनएमबी बैंक लिमिटेडको आइतबार सम्पन्न विशेष साधारणसभाले कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राप्ति गर्नेसम्बन्धी प्रस्ताव पारित गरेको छ । कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडको सम्पत्ति र दायित्वको मूल्यांकन प्रतिवेदन तथा अन्य सम्बद्ध व्यवस्थाका आधारमा निर्धारण गरिएको शेयर मूल्य अनुपात १००: ८५ लाई विशेष साधारण सभाले स्वीकृत गरेको छ । अब कञ्चन डेभलपमेन्ट बैंकका शेयरधनीले उक्त बैंकका १०० कित्ता बराबर एनएमबी बैंक लिमिटेडका ८५ कित्ता शेयर प्राप्त गर्नेछन् । सुदूरपश्चिम क्षेत्रमा बलियो उपस्थिति बनाएको बैंक प्राप्तिपछि एनएमबी बैंकको चुक्ता पुँजी रु. १४ अर्ब ४५ करोड पुग्नेछ भने रिजर्भ रु सात अर्ब पाँच करोड पुग्नेछ । कञ्चन डेभलपमेन्ट बैंकको प्राप्तिले राष्ट्रको प्रादेशिक संरचनामा एनएमबि बैंकको सन्तुलित वित्तीय पहुँचको मार्गचित्र कोर्न सहज भएको र त्यसबाट ग्रामीण तथा शहरोन्मूख क्षेत्रमा दिगो वित्तीय सेवा उपलब्ध गराउन मद्दत पुगेको बैंकका प्रमुख कार्यकारी अधिकृत सुनिल केसीले बताए ।

# नेप्सेसँगै बढ्यो कारोबार

**काठमाडौं/मस-** साताको पहिलो दिन आइतबार दिनभर उतारचढाव देखिएको सेयरबजार समान्य सुधार भएर बन्द भएको छ । आइतबार सेयर बजार परिसूचक नेप्से ९.३५ अंकले बढेर १२६५.४६ अंकमा बन्द भएको छ ।

सेयर बजार परिसूचकसँगै कारोबार रकम पनि बढेर अर्ब नाघेको छ । लकडाउनका कारण लामो समय बन्द रहेको सेयर बजार गत साताबाट खुलेको थियो । लकडाउनपछि बजार खुलेसँगै पहिलोपटक अर्बमाथिको कारोबार भएको हो । आइतबार नेप्सेमा १७२ कम्पनीको २८ लाख ६ हजार ८९८ कित्ता सेयर किनबेच हुँदा एक अर्ब तीन करोड ३३ लाख ९० हजार रुपैयाँबराबरको कारोबार भएको छ । कारोबार सुरु भएदेखि नै नेप्सेमा उतारचढाव देखिएको थियो । सुरुमा बजार ओरालो लागे पनि केही समयमै बजार उकालो लागेको थियो । ११ बजेबाट खुलेको बजारमा ११ बजेर ११ मिनेट जाँदा परिसूचक नेप्से १२४७ अंकमा झरेको थियो । त्यसपछि बढ्न सुरु भएको बजार परिसूचक नेप्से ११ बजेर ३० मिनेट जाँदा आजको सबैभन्दा उच्च विन्दु १२८१ सम्म पुगेको थियो । त्यसपछि पुन: ओरालो लाग्न सुरु भएको बजार परिसूचक नेप्से ११ बजेर ५९ मिनेट जाँदा आजको तल्लो विन्दु १२४१ सम्म झर्यो । त्यसपछि नेप्से पुन: बढ्न सुरु गरेर २ बजेर २ मिनेट जाँदा १२७५ सम्म पुगेको थियो भने अन्तिम समयमा पुन: ओरलो लागेको बजार फेरि बढेर १२६५ मा बन्द भएको हो ।

आइतबार नेपाल पुनर्बिमा कम्पनीको सेयरमा लगानीकर्ताको आकर्षण देखिएको छ । गत सातबाट नेप्सेमा कारोबार सुरु भएको कम्पनीको सेयर सर्वाधिक १५ करोड १२ लाख ४२ हजारको कारोबार भएको छ । त्यस्तै नेपाल लाइफ इन्स्योरेन्सको १० करोड २६ लाख ५९ हजारको कारोबार भएको छ ।

यस्तै नबिल बैंकको चार करोड २४ लाख १३ हजार, एनएमबी बैंकको चार करोड ११ लाख ६५ हजार र हिमालयन डिस्टिलरीको चार करोड ६ लाख ६१ हजार रुपैयाँ बराबरको सेयर किनबेच भएको छ ।

## लुम्बिनी विकास बैंकको बनेपा शाखा कार्यालय स्थानान्तरण

**बनेपा/मस-** लुम्बिनी विकास बैंकको बनेपा शाखा कार्यालय पूर्व सञ्चालनमा रहेको भवनबाट करिब १०० मीटर पश्चिमतर्फ स्थानान्तरण भएको छ । बनेपा नगरपालिका वडा नं. ७ स्थित प्राईम कमर्सियल बैंक (साविकको कैलाश बैंक) भएको अनिला प्लाजामा स्थानान्तरण भएको हो । पूर्व शाखाबाट हुँदै आएका सम्पूर्ण बैंकिङ्ग सेवा तथा कारोबारहरु अबउपरान्त नयाँ शाखाबाट हुने बैंकले जनाएको छ ।

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त संस्था)

## चन्द्रागिरी हिल्स र लगानी कोषबीच शेयर निष्कासन सम्झौता

**काठमाडौं/मस-** चन्द्रागिरी हिल्सले सर्वसाधारणका लागि १८ लाख ४० हजार ९१० कित्ता सेयर जारी गर्ने भएको छ । प्रतिकित्ता १ सय रुपैयाँका दरले कम्पनीले सेयर निश्कासन गर्न लागेको हो । सो सेयर निश्कासनका लागि बिक्री प्रवन्धकका रुपमा नागरिक लगानी कोषले जिम्मा लिएको छ ।

कुल १८ करोड, ४० लाख ९१ हजार रुपैयाँ बराबरको सेयर प्रत्याभुत गर्नेगरी हिल्स र कोषबीच सम्झौता भएको हो । उक्त प्रत्याभुतिमा कोषको तर्फबाट कार्यकारी निर्देशक रमण नेपाल र चन्द्रागिरि हिल्सको तर्फबाट कम्पनीका महाप्रबन्धक अभिषेक बिक्रम शाहले आइतबार हस्ताक्षर गरे ।

कम्पनीले अब सेयर निश्कासनका लागि धितोपत्र बोर्डसँग अनुमति माग्नेछ । धितोपत्र बोर्डले अनुमति दिएपछि सर्वसाधारणलाई सेयर जारी हुनेछ । चन्द्रागिरी हिल्स कम्पनीले विसं २०७३ देखि केबलकार सञ्चालन गर्दै आएको छ । केबलकारमा आइएमई समूहलगायत अन्य व्यावसायिक समूहले लगानी गरेका छन् । चन्द्रागिरी हिल्सका अध्यक्ष चन्द्रप्रसाद ढकाल हुन् ।

## अजोड इन्स्योरेन्सको दोस्रो वार्षिकोत्सवमा रक्तदान

**काठमाडौं/मस-** अजोड इन्स्योरेन्स लिमिटेडले आफ्नो दोस्रो बार्षिकोत्सव सम्पन्न गरेको छ । कम्पनी संचालनमा आएको छोटो अवधिमा नै १ प्रधान कार्यालय ७ वटा प्रादेशिक कार्यालय तथा १८ वटा शाखा कार्यालय, १६ वटा उपशाखा कार्यालय गरि जम्मा ४२ वटा कार्यालयहरु, ३ वटा तेश्रो पक्ष बीमा काउण्टरहरु र १ वटा ग्राहक सेवा केन्द्र मार्फत् बीमा सेवा सुरुवात गरी बीमा सेवा प्रदान गर्न सक्षम भएको छ ।

कुनै पनि बीमा कम्पनीका लागि मेरुदण्डका रुपमा रहेको दावी भुक्तानी प्रक्रियालाई छिटो छरितो चुस्त र पारदर्शि बनाउने उद्देश्यले यस कम्पनीले फाष्ट ट्र्याक दावी भुक्तानी निति अवलम्वन गरि रु.२ लाख सम्मको दावी तत्कालै भुक्तानी गर्ने व्यवस्था समेत गरेको छ । कम्पनीले डिजिटल इन्स्योरेन्सका साथै डिजिटल प्रविधिवाट बीमा शुल्क भुक्तानीका लागि कम्पनीले विभिन्न सेवा प्रदायक कम्पनीहरु सँग सम्झौता गरी कार्य आरम्भ गरी सकेको छ । हाल विश्वव्यापी रुपमा फैलिएको कोरना भाइरस (कोभिड-१९) को माहामारीको विषम परिस्थितीका वावजुत यस कम्पनीले चालु आ.ब.को असार २१ गते सम्म ८९,७५८ बीमालेख जारी गरी रु. ८१ करोड ५७ लाख बीमा शुल्क आर्जन गर्न सफल भएको छ ।

कोरोना भाइरस सम्बन्धी सामान्य जानकारी

कोरोना भाइरसका लक्षणहरु :
- ज्वरो आउने, खोकी लाग्ने ।
- ज्वरो आएको छोटो समयमै निमोनिया हुने ।
- श्वास प्रश्वास छिटो छिटो हुने ।
- श्वास प्रश्वासमा अप्ठेरो हुने, श्वास फेर्न गाह्रो हुने ।
- इत्यादी

कोरोना संक्रमण, जोखिम ठाउँहरु :
- सिनेमा घर
- अस्पताल
- विद्यालय, कलेज
- सार्वजनिक यातायात
- सपिङ मल
- व्यस्त गल्लि
- रंगशाला
- वृद्धाआश्रम
- होटल/रेष्टुरेण्ट
- भोज भतेर
- तरकारी तथा मासु बेच्ने ठूला स्थानहरु
- सभा/जुलुस भएका स्थान आदि ।

कोरोना भाइरसबाट बच्ने उपायहरु :
- हातको सरसफाइमा ध्यान दिनुहोस । हात सफा राख्नुहोस् । हातले मुख छोइरहने बानी हटाउनुहोस् ।
- कुनै पनि रोगको बिरामी हुनुहुन्छ भने अनिवार्य मास्क लगाउनुहोस् ।
- यसबाट अन्य रोग लाग्न पाउदैन भने आफुलाई कसैगरी कोरोना भाइरसको संक्रमण भएको रहेछ भने पनि अरुमा सर्न पाउँदैन ।
- भिडभाडको ठाउँमा अत्यन्त जरुरी अवस्थमाबाहेक नजानुहोस् । जानै पर्ने अवस्थामा मास्क लगाएर मात्र जानुहोस् ।
- हाच्छ्युँ गर्दा वा खोक्दा नाक मुख छोपेर मात्र गर्नुहोस् ।
- अण्डा मासुजन्य पदार्थ राम्रोसँग पकाएर मात्र खानुहोस् ।
- माथि उल्लेखित कुनै पनि लक्षणहरु देखिएमा तत्काल स्वास्थ्य केन्द्र गएर स्वास्थ्य परीक्षण गराउनुहोस् ।
- कोरोना भाइरसबाट संक्रमित व्यक्तिको नजिक नजानुहोस् ।
- संक्रमण भएको पत्ता लागेमा वा शंका भएमा तत्काल स्वास्थ्य केन्द्र गएर स्वास्थ्य परीक्षण गराउनुहोस् ।
- जो कोहिसँग भेट्दा वा छुट्टिदा अंकमाल वा हात मिलाउने नगर्नुहोस् ।

काम नपरेसम्म यस्ता ठाउँमा जाने नगरौं, जानु परेमा मास्क, ह्यापड सेनिटाइजर आदिको प्रयोग गरौं । घरमा फर्के पछि घर बाहिर वा अलग कोठामा कपडा फेरेर तथा साबुन पानीले हात धोएर भान्छा/बैठक कोठामा जाने गरौं ।

उपचार छैन, रोकथाम सम्भव छ ।

रीना कुमारी साह — नगर प्रमुख
सिकिन्द्र साह — प्रमुख प्रशासकीय अधिकृत

मौलापुर नगरपालिका
मौलापुर, रौतहट

कोरोना भाइरस सम्बन्धी सामान्य जानकारी

कोरोना भाइरसका लक्षणहरु :
- ज्वरो आउने, खोकी लाग्ने ।
- ज्वरो आएको छोटो समयमै निमोनिया हुने ।
- श्वास प्रश्वास छिटो छिटो हुने ।
- श्वास प्रश्वासमा अप्ठेरो हुने, श्वास फेर्न गाह्रो हुने ।
- इत्यादी

कोरोना संक्रमण जोखिम ठाउँहरु :
- सिनेमा घर
- अस्पताल
- विद्यालय, कलेज
- सार्वजनिक यातायात
- सपिङ मल
- व्यस्त गल्लि
- रंगशाला
- वृद्धाआश्रम
- होटल/रेष्टुरेण्ट
- भोज भतेर
- तरकारी तथा मासु बेच्ने ठूला स्थानहरु
- सभा/जुलुस भएका स्थान आदि ।

कोरोना भाइरसबाट बच्ने उपायहरु :
- हातको सरसफाइमा ध्यान दिनुहोस । हात सफा राख्नुहोस् । हातले मुख छोइरहने बानी हटाउनुहोस् ।
- कुनै पनि रोगको बिरामी हुनुहुन्छ भने अनिवार्य मास्क लगाउनुहोस् ।
- यसबाट अन्य रोग लाग्न पाउदैन भने आफुलाई कसैगरी कोरोना भाइरसको संक्रमण भएको रहेछ भने पनि अरुमा सर्न पाउँदैन ।
- भिडभाडको ठाउँमा अत्यन्त जरुरी अवस्थमाबाहेक नजानुहोस् । जानै पर्ने अवस्थामा मास्क लगाएर मात्र जानुहोस् ।
- हाच्छ्युँ गर्दा वा खोक्दा नाक मुख छोपेर मात्र गर्नुहोस् ।
- अण्डा मासुजन्य पदार्थ राम्रोसँग पकाएर मात्र खानुहोस् ।
- माथि उल्लेखित कुनै पनि लक्षणहरु देखिएमा तत्काल स्वास्थ्य केन्द्र गएर स्वास्थ्य परीक्षण गराउनुहोस् ।
- कोरोना भाइरसबाट संक्रमित व्यक्तिको नजिक नजानुहोस् ।
- संक्रमण भएको पत्ता लागेमा वा शंका भएमा तत्काल स्वास्थ्य केन्द्र गएर स्वास्थ्य परीक्षण गराउनुहोस् ।
- जो कोहिसँग भेट्दा वा छुट्टिदा अंकमाल वा हात मिलाउने नगर्नुहोस् ।

काम नपरेसम्म यस्ता ठाउँमा जाने नगरौं, जानु परेमा मास्क, ह्यापड सेनिटाइजर आदिको प्रयोग गरौं । घरमा फर्के पछि घर बाहिर वा अलग कोठामा कपडा फेरेर तथा साबुन पानीले हात धोएर भान्छा/बैठक कोठामा जाने गरौं ।

उपचार छैन, रोकथाम सम्भव छ ।

मो. सकिल अख्तर — नगर प्रमुख
वैजु ठाकुर — नि. प्रमुख प्रशासकीय अधिकृत

राजपुर नगरपालिका
राजपुर, रौतहट

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**